बैठक संख्याः १५३/९/२०८०/०८१
मिति:२०८०/०९/११
समय : दिनको १० .०० बजे

आज मिति २०८०/०९/११ गते बुधबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. | श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. | श्री कल्पना कुमारी जोशी पन्तः नगर उप–प्रमुख | सदस्य |
| ३. | श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. | श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. | श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. | श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. | श्री चक्र बहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. | श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. | श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. | श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. | श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. | श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. | श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. | श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. | श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. | श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. | श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. | श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. | श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. | श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. | श्री टिकेन्द्रराज भट्ट - प्रमुख प्रशासकीय अधिकृत | सचिव |

अन्य उपस्थिति :-

१. श्री लोगराज भट्ट – सुचना प्रविधि अधिकृत
२. श्री गंगा कुमारी दाहाल अर्यालय – ना.सु.
३. श्री सुरेन्द्र देव भट्ट - वैठक शाखा

CamScanner

**१८३ औं कार्यपालिका बैठकका निर्णयहरु**

**मितिः- २०८०/०९/११**

**निर्णय नं. १:** १८२ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

**निर्णय नं. २:** स्वास्थ्य चौकी पिपलाडीको प्रयोगशाला सेवा विस्तार तथा गुणस्तरीय सेवा प्रदानका लागि अति आवश्यक उपकरणहरु खरिद तथा जडान गर्ने र सो को लागि आवश्यक वजेट व्यबस्थापनका लागि प्रदेश तथा संघ सरकारलाई अनुरोध गर्ने ।

**निर्णय नं. ३:** आ.व. २०८०/०८१ मा तराइ मधेश समृद्धि कार्यक्रम अन्तर्गत वडा नं ४ को प्रसासनिक भवन निर्माणमा विनियोजित रकम रु. २५ लाख, सो अनुदानमा यस नगरपालिकाको (३०%) साझेदारी रु.१०,७१,४२८.५७, प्रदेश समपुरक अनुदान अन्तर्गत ४२ लाख र यस नगरपालिकाबाट साझेदारीमा थप ४२ लाख (५०%) गरि जम्मा रकम रु.१,१९,७१,४२८.६ ( रुपैया एक करोड उन्नाइस लाख एकहत्तर हजार चार सय अठ्ठाइस रुपैया साठी पैसा मात्र ) विनियोजन भएको छ । उक्त कार्यको लागत अनुमान मु.अ.कर र कन्टेनजेन्सी वाहेक रु.१४५३६३४२.०३ (रुपैया एक करोड पैतालसी लाख छत्तिस हजार तिन सय बयालीस रुपैया तिन पैसा मात्र) र मु.अ.कर र कन्टेनजेन्सी सहित जम्मा लागत रकम रु. १,६७,७४,३९५.०४/- (रुपैया एक करोड सत्सट्ठी लाख चौहत्तर हजार तिन सय पन्चानब्बे रुपैया चार पैसा मात्र) कायम भएकोमा विनियोजित रकम र लागत अनुमानमा अपुग रकम रु.४८,०२,९६६.४४ ( अठ्चालिस लाख दुइ हजार नौ सय छैसठ्ठी रुपैया चवालिस पैसा मात्र) यस नगरपालिकाबाट व्यहोर्ने गरि उक्त लागत अनुमान मु.अ. कर र कन्टेनजेन्सी सहित जम्मा लागत रकम रु. १,६७,७४,३९५.०४ /- स्वीकृत गर्ने मिति २०८०/०९/०५ गतेको नगर प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ४:** नगर प्रहरी जवानको दरवन्दि संख्या संसोधन गरी ८ कायम गरी सेवा करारमा लिन खुला ४ जना, महिला २ जना, आदिवासी जनजाती १ जना र दलित १ जनाको लागि विज्ञापन आह्वान गर्ने र नगर प्रहरी सेवा करारमा लिन नेपाल प्रहरीको समान तहको पाठ्यक्रम र परीक्षा प्रणाली अवलम्वन गर्ने तथा परीक्षा समितिले आवश्यकता अनुसार पाठ्यक्रम थपघट गर्न सक्ने निर्णय अनुमोदन/स्वीकृतिको लागि नगर सभामा पेश गर्ने ।

**निर्णय नं. ५:** यस आ.व. मा यस नगरपालिका अन्तर्गत निर्माण भैसकेका घरहरुको अभिलेखीकरण गर्ने सुचना आह्वान भएकोमा वडा नं १० सान्तिपथ र झलारी-पिपलाडी सडक मा ADB को सडक निर्माणको क्रममा सडक विस्तार गर्दा क्षति भएका घरहरु र पुरानो सार्वजनिक वाटोको मापदण्ड अनुसार बनेका घरहरुको अभिलेखिरणको प्रक्रिया अगाडी वढाउने ।

**निर्णय नं. ६:** वैजनाथ माध्यमिक विद्यालय, कसरौलको भवन निर्माणको लागि भारतिय दुतावासलाई सिफारिस गर्ने ।

**निर्णय नं. ७:** आ. व. २०८१/०८२ को लागि तराई मधेस समृद्धि कार्यक्रमको लागि तपसिल वमोजिमका योजना माग गर्ने ।

तपसिलः

१) वडा नं. १ पशु सेवा केन्द्र भवन निर्माण
२) वडा नं. ७ मा सामुदायिक भवन निर्माण
३) झलारी स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १०
४) शुनपा ६ स्वास्थ्य चौकी भवन

**निर्णय नं. ८:** यस नगरपालिकामा कार्यरत सरकारी कामकाजको लागि निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुको सवारी साधनलाई कर्मचारीहरुको सवारी चालक अनुमति पत्र तथा सवारी धनी कागजातको प्रतिलिपि समेत संलग्न राखि कार्यालयमा सुचिकृत गर्ने र यसरी सूचीकृत गरिएका सवारी साधनहरुलाई प्रति सवारी साधन बार्षिक खर्च रू १० हजार भन्दा नवढ्ने गरि मर्मत गर्ने ।

**निर्णय नं. ९:** शुनपा ८ स्थित अनौखि खोला, घरकट्टुवा खोला र गौडि खोला क्षेत्रमा सम्भावित अवैध उत्खनन् नियन्त्रण, अनुगमन तथा उत्खनन् क्षेत्र संरक्षणको लागि ८ नं. वडा कार्यालय र वडा नं. १२ स्थित दोदा खोलामा सम्भावित अवैध उत्खनन् नियन्त्रण, अनुगमन तथा उत्खनन् क्षेत्र संरक्षणको लागि १२ नं. वडा कार्यालयलाई जिम्मेवारी दिने ।

**निर्णय नं. १०:** क्षेत्रीय शहरी विकास आयोजना अन्तरगत संस्थागत विकास परामर्शदाता (IDC) को प्राविधिक सहयोगमा तयार गरिएका Asset Management Plan, Operation and Maintanance Guideline र वातावरणीय व्यवस्थापन तथा अनुगमन निर्देशिका संसोधन सहित स्वीकृत गर्ने ।

**निर्णय नं. ११:** स्थानीय सरकार संचालन ऐन को दफा ११ उपदफा (२) खण्ड (क) उपखण्ड प.(७) वमोजिमको अधिकार प्रयोग गरी शुक्लाफाँटा नगरपालिका क्षेत्रबाट माटो तथा माटोजन्य पदार्थ उत्खनन् वापतको प्राकृतिक श्रोत संकलन तथा विक्रि शुल्क (रोयल्टि) प्रदेश कानून वमोजिम संकलन गर्ने ।

**निर्णय नं. १२:** राष्ट्रिय भूमि आयोग अन्तरगत यस शुक्लाफाँटा नगरपालिका अन्तगत संचालित जग्गा नापजाँचलाई समयमै सम्पन्न गर्न आवश्यक जनशक्ति कार्यालयले ज्यालादारीमा व्यवस्थापन गर्ने ।

निर्णय प्रमाणित
[signature]
२०८०।४।११

CamScanner